AMNESTY INTERNATIONAL

AMNESTY INTERNATIONAL NEPAL SECTION
Amnesty Marga, Basantanagar
P. O. Box 135, Balaju, Kathmandu, Nepal
T: +977 1 4364706 or 4365431 Fax: +977 1 4354987
E: info@amnestynepal.org W: www.amnesetynepal.org

एम्नेस्टी इन्टरनेसनल नेपाल

प्रेस विज्ञप्ति

## एम्नेस्टी इन्टरनेसनल नेपालद्वारा *राइट फर राइट्स् २०१९* अभियान सुरू

***सरकारलाई एसिडको बिक्रि वितरणमा नियमन गर्न माग गर्दै पत्रहरू सङ्कलन गरिने***

काठमाडौ, १२ मंसिर: एम्नेस्टी इन्टरनेसनल नेपालले आजदेखि आफ्नो विश्वव्यापी अभियान *राइट फर राइट्स २०१९* सुरू गरेको छ । हरेक वर्ष सञ्चालन हुने एम्नस्टी इन्टरनेसनलको यो पत्र लेखन अभियानमा एम्नेस्टी का संसारभरीका सदस्य र समर्थकहरूले अधिकार उल्लङ्घनमा परेका वा अधिकार उल्लङ्घनको जोखिममा रहेकाहरूका लागि पत्र लेख्ने गर्दछन् ।

विश्वको सबैभन्दा ठूला सङ्कटहरूको विरुद्ध लडिरहेका बालबालिका र युवाहरूको पक्षमा यो वर्ष एम्नेस्टी इन्टरनेसनलले आफ्नो शक्ति लगाइरहेको छ । धेरै युवा र बालबालिकाहरू वयस्कहरूले नेतृत्व गर्न नसकेका विषयहरूमा अग्रसर भएका छन् र अहिले आफ्नो वकालत र अभियानसम्बन्धी कामको लागि उनीहरूले डरलाग्दो जोखिमहरू सामना गरिरहेका छन् ।

*राइट फर राइट्स् २०१९* का क्रममा एम्नेस्टी इन्टरनेसनलका समर्थकहरूले क्यानाडा, चीन, इजिप्ट, ग्रीस, इरान, मेक्सिको, नाइजेरिया, फिलिपिन्स र दक्षिण सुडानका युवा मानवअधिकार रक्षकहरूप्रति ऐक्यबद्धता जनाउने छन् ।

एम्नेस्टी इन्टरनेसनल नेपालले यस वर्ष ६ जना युवा मानवअधिकार रक्षकहरूका लागि अभियान सञ्चालन गर्नेछ । जबर्जस्तीपूर्वक घुम्टो लगाउनुपर्ने इरानको कानुनलाई विरोध गरेको कारण १६ वर्ष जेल सजाय सुनाइएकी इरानी युवा अभियन्ता यासमान अर्यानी, शरणार्थीहरूलाई उद्दार गर्ने काम गरेबापत ग्रिक अधिकारीहरूद्वारा मानव तस्करी गरेको आरोपमा २५ वर्ष जेल सजायको अभियोग लगाइएका मानवीय उद्दारकर्ताहरू सारा मार्दिनी र सियान बिन्दर, राष्ट्रिय र अन्तर्राष्ट्रिय कानुन विपरित बाल्य अवस्थामा नै मृत्युदण्डको सजाय सुनाइएका दक्षिण सुडानका १७ वर्षीय मागाइ मातिप डोङ्ग लगातका युवा मानवअधिकार रक्षकहरूका पक्षमा एम्नेस्टी नेपालले अभियान सञ्चानल गर्नेछ ।

युवा अभियन्ताहरूको पक्षमा पत्र लेख्नुका साथै एम्नेस्टी नेपालका सदस्य र समर्थकहरूले एम्नेस्टी नेपालको "महिला हिंसाविरूद्धको अभियान" अन्तर्गत सन् २०१७ मा नेपालको सर्वोच्च अदालतद्वारा एसिडको बेचबिखनलाई नियमन गर्नु भनी जारी गरिएको आदेशलाई कार्यान्वयन गर्न नेपाल सरकारलाई माग गर्दै पत्रहरू लेख्नेछन् । सङ्कलित पत्रहरू गृहमन्त्री रामबहादुर थापालाई बुझाइनेछ ।

"नेपालमा महिला र युवतीहरूलाई विशेष रूपमा लक्षित गरी हुने एसिड आक्रमणका घटनाहरू बढ्दो छन् । सरकारले यसलाई गम्भीर रूपमा लिई बजारमा सहजै उपलब्ध हुने एसिडको बिक्री वितरणलाई नियमन गर्नु पहिलो उचित कदम हुन सक्दछ," एम्नेस्टी इन्टरनेसनल नेपालका निर्देशक निराजन थपलियाले भने ।

एम्नेस्टीको *राइट फर राइट्स्* अभियान मंसिर १२ देखि पुष ४ सम्म चल्ने छ ।

**के हो *राइट फर राइट्स* ?**

हरेक वर्ष सञ्चालन गरिने *राइट फर राइट्स्* अभियानका क्रममा एम्नेस्टी इन्टरनेसनलले अन्यायका विरूद्ध उभिने साहस गरेकै कारण आफ्नो अधिकारको हनन् भोगेका तथा अधिकार हननको जोखिममा रहेका व्यक्तिहरूप्रति ऐक्यबद्धताका सन्देशहरू लेख्न संसारभरीका आफ्ना सदस्यहरूलाई प्रेरित गर्दछ । एम्नेस्टीले आफ्ना समर्थकहरूलाई यी साहसी व्यक्तिहरूको पक्षमा सम्बन्धित अधिकारीहरूलाई लक्षित गरी पत्रहरू लेख्न पनि आह्वान गर्ने गर्दछ ।

एम्नेस्टी इन्टरनेसनलको पहिलो *राइट फर राइट्स* अभियान १७ वर्षअघि सन् २००२ मा सञ्चालन गरिएको थियो । त्यस बेलादेखि अहिलेसम्म अभियन्ताहरूद्वारा लाखौं "एक्सन" (action) हरू गरिएका छन् । यस्तो कार्यले हरेक वर्ष खास परिवर्तन पनि ल्याउने गरेको छ । सन् २०१८ मा आफू सवार कारमा गोली प्रहार गरी हत्या गरिएकी ब्राजिलकी राजनीतिज्ञ र अभियन्ता मारिएल फ्रान्कोको न्यायका लागि एम्नेस्टी इन्टरनेसनलका दश लाख भन्दा बढी समर्थकहरूले गत वर्षको *राइट फर राइट्स* अभियानका क्रममा संसार भरबाट पत्रहरू लेखेका थिए । गत मार्चमा दुईजना पूर्व प्रहरी अधिकारीहरूलाई उनको हत्या आरोपमा गिरफ्तार गरिएको छ ।

यस अभियानसम्बन्धी थप जानकारीका लागि वा/र पत्र लेख्नका लागि यो लिङ्कमा भिजिट गर्नुहोस् :
https://amnestynepal.org/write-for-rights/

**सम्पर्क व्यक्ति**

छिरिङ् डि. गुरुङ्ग
मिडिया एण्ड कम्युनिकेसन्स् कोओर्डिनेटर
Email: tsering@amnestynepal.org
Phone: 9801054040